"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET

चौमासिक बुलेटिन | वर्ष ४ | अङ्क १ | (२०८० श्रावण - कार्तिक)

## यस अङ्कमा........


- प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन पेस
- प्रशिक्षण परिषद्को छैटौं बैठक सम्पन्न
- प्रतिष्ठानको कार्यकारी समितिको बैठक सम्पन्न
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम
- सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणाली सम्बन्धी तालिम
- अधिकृत तथा सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम
- गुण व्यवस्थापन प्रणाली सम्बन्धी अन्तरक्रिया
- अध्ययन प्रतिवेदन र SOP प्रकाशित
- कर्णाली प्रदेशका स्थानीय तहका लागि अभिमुखीकरण


## प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन पेस

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट गत आर्थिक वर्ष २०७९/८० मा सम्पन्न भएका कार्यक्रमहरू तथा वित्तीय प्रगति समावेश गरिएको वार्षिक प्रतिवेदन प्रकाशन गरी मिति २०८० भाद्र १ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष पेस भयो। प्रतिवेदन ग्रहण गर्दै मुख्यमन्त्रीबाट समयमै प्रतिवेदन पेश गरेकोमा प्रतिष्ठान परिवारलाई धन्यवाद दिँदै प्रतिष्ठानको वार्षिक प्रगति सन्तोषजनक रहेको र उपलब्धिहरू प्रसंशनीय भएकोले यसलाई निरन्तरता दिँदै प्रतिष्ठानको उद्देश्य अनुरूप अझै उत्कृष्ठ कार्य गर्न प्रोत्साहित गर्नु भएको थियो। प्रतिवेदनमा प्रतिष्ठानको संक्षिप्त परिचय, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, कार्यक्रमका साथै गत आर्थिक वर्षको समीक्षा, कार्यक्रमगत तथा आर्थिक प्रगति, चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम, र समस्या, चुनौति, निष्कर्ष एवम् आगामी कार्यदिशा समावेश गरिएको छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन २०७५ को दफा २२ बमोजिम प्रतिष्ठानको वार्षिक प्रतिवेदन प्रदेश सरकारलाई पेस गर्नुपर्ने व्यवस्था अनुरूप कार्यकारी निर्देशक ऋषिराम पाण्डेद्वारा मुख्यमन्त्री समक्ष सो प्रतिवेदन पेश भएको थियो। उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत र प्रतिष्ठानका कर्मचारीहरूको उपस्थिति रहेको थियो।



माननीय मुख्यमन्त्री समक्ष वार्षिक प्रतिवेदन पेस गर्दै प्रतिष्ठानका कार्यकारी निर्देशक

## प्रशिक्षण परिषद्को छैटौं बैठक सम्पन्न

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्रशिक्षण परिषद्को छैटौं बैठक मिति २०८० कार्तिक २२ गते प्रशिक्षण परिषद्का अध्यक्ष प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा सम्पन्न भयो। प्रशिक्षण परिषद् मा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति, प्रदेश सरकारका सचिवहरूको उपस्थिति रहेको थियो। बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्मको प्रगति तथा उपलब्धिको समीक्षा गरिनुका साथै प्रतिष्ठानको "कर्मचारी (सेवासर्त) सम्बन्धी विनियमावली, २०८०" मा छलफल भई स्वीकृत भएको थियो। यस विनियमावलीको अनुमोदनपश्चात् प्रतिष्ठानको स्थायी दरबन्दी बमोजिमको कर्मचारी नियुक्तिको बाटो खुलेको छ। बैठकको अवसरमा प्रतिष्ठानले प्रकाशन गरेका "संघीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास" सम्बन्धी अध्ययन प्रतिवेदन र "सार्वजनिक निकायको आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure-SOP)" माननीय मुख्यमन्त्रीबाट लोकार्पण भएको थियो।




माननीय मुख्यमन्त्रीका साथ परिषद् बैठकका सदस्यहरू तथा प्रतिष्ठानका कर्मचारीहरू

## प्रतिष्ठानको कार्यकारी समितिको बैठक सम्पन्न

चालु आर्थिक वर्षको पहिलो चौमासिकमा यस गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिको तीन वटा बैठक सम्पन्न भएका छन्। प्रदेश सरकारको प्रमुख सचिवको अध्यक्षता रहने उक्त समितिले आ.व. २०७९/८० को प्रगति समीक्षा, वार्षिक बजेट तथा कार्यक्रम माथि छलफल गनुका साथै प्रतिष्ठानको कर्मचारी (सेवासर्त) सम्बन्धी नियमावलीको मस्यौदा उपर छलफल गरी अन्तिम स्वीकृतिका लागि प्रशिक्षण परिषद्मा पेश गर्ने निर्णय गरेको थियो। सोही अनुसार गत कार्तिक २२ गते सम्पन्न प्रशिक्षण परिषद्को छैटौं बैठकबाट सो विनियमावली स्वीकृत भएको छ।



फोन: +९७७-६१-५७१०८०, ५७०१४६ | इमेल: academy.gandaki@gmail.com | वेभसाइट: www.gpta.gandaki.gov.np

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम

गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहका वडा सचिव (स्थानीय पञ्जिकाधिकारी) हरूलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा विद्यमान व्यवहारिक तथा प्राविधिक समस्याहरू निराकरण गरी वडा कार्यालयहरूको सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले दुई दिने तालिम गत वर्षदेखि सञ्चालन गरिँदै आएकोमा चालु आर्थिक वर्षको पहिलो चरणमा गत भाद्र ७ र ८ गते यस सम्बन्धी तालिम सञ्चालन भएको थियो । दुई समूहमा सञ्चालित तालिममा पर्वत जिल्लाका सबै स्थानीय तहका वडा सचिवहरू (जम्मा ६८ जना) को सहभागिता रहेको थियो, जसमध्ये ४८ जना पुरुष र २० जना महिला वडा सचिवहरू थिए । गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँगको समन्वयमा सञ्चालित उक्त तालिममा विभागका सम्बन्धित प्रशिक्षकहरूबाट सहजीकरण भएको थियो ।



तालिम सामाजिक सुरक्षा सम्बन्धी नीतिगत व्यवस्था, सामाजिक सुरक्षा र यस सम्बन्धी विद्युतीय प्रणाली तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्था, व्यक्तिगत घटना दर्ता, एवम् विद्युतीय प्रणाली र सोको प्रयोग सम्बन्धमा व्यवहारिक पक्ष तथा समस्या समाधानका उपायमा केन्द्रित गरिएको थियो । तालिमका सहभागीहरूले "अहिलेसम्म भोग्दै आइरहेका समस्याहरूको समाधान गरी छिटो-छरितो र सहज ढङ्गबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य गर्न सक्षम भएको" प्रतिक्रिया दिएका थिए ।

## सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणाली सम्बन्धी तालिम

प्रदेश सरकार अन्तर्गत गण्डकी प्रदेशका कास्की बाहेक १० वटै जिल्लास्थित कार्यालय र कास्की, स्याङ्जा, नवलपुर तथा तनहुका स्थानीय तहहरूमा जिन्सी सम्बन्धी जिम्मेवार कर्मचारीहरका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी दुई दिने तालिम गत भाद्र महिनामा सम्पन्न भयो । भाद्र महिनाको १० र ११ तथा १२ र १३ गते दुई-दुई समूहमा सञ्चालित उक्त तालिममा जिल्लास्थित ७६ वटा कार्यालय (तीन समूह) र २९ वटा स्थानीय तह (एक समूह) गरी कुल १०५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । जसमध्ये ९७ जना पुरुष र ८ जना महिला कर्मचारीहरू थिए । प्रदेश लेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीसँग समन्वय गरी सञ्चालित उक्त तालिमको प्राविधिक सत्रहरू सो कार्यालयका प्रमुख लगायतका स्रोतव्यक्तिहरूबाट सहजीकरण भएको थियो । तालिममा सार्वजनिक निकायले सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन, संरक्षण, उचित उपयोग गर्न लेखाङ्कनदेखि निरीक्षण, मिनाहा तथा प्रतिवेदनसम्मको समग्र कार्य विद्युतीय प्रणाली (पाम्स सफ्टवेयर) को प्रयोग गरी प्रभावकारी एवम् त्रुटीरहित ढङ्गले गर्न कानुनी व्यवस्था सम्बन्धी जानकारीका साथै व्यवहारिक ज्ञान एवम् सीप अभिबृद्धिका लागि जोड दिइएको थियो ।



तालिममा सघन रूपमा अभ्यास भएका कारण सहभागीहरूले तत्पश्चात् आ-आफ्नो कार्यालयमा जिन्सी सम्बन्धी विगतदेखि भोग्दै आइरहेका धेरै समस्याहरूको समाधान गर्न सकिने कुरामा आम्मविश्वास जागेको प्रतिक्रिया दिएका थिए भने अहिले सम्म पाम्स सफ्टवेयर प्रयोग नगरेका कार्यालयहरूमा तालिमपश्चात् सो सफ्टवेयरको प्रयोग गर्ने प्रतिवद्धता जाहेर गरेका थिए । तालिम पश्चात् सम्बन्धित कार्यालय/स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापनमा सुधार आउने र सेवाप्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## अधिकृत तथा सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम

प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर (छैटौं, सातौं र आठौं तह) तथा सहायकस्तर (रा.प.अनं. प्रथम एवम् पाँचौं तह) का कर्मचारीको लागि ३०-कार्यदिने सेवाकालीन तालिम मिति २०८० भाद्र १७ देखि आश्विन २४ गतेसम्म सञ्चालन भएको थियो । उक्त तालिमको औपचारिक समुद्घाटन प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डको अध्यक्षतामा प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट भएको थियो । उक्त कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, मुख्य न्यायाधिवक्ता चिरन्जीवी शर्मा पौडेल, प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत तथा प्रदेश सरकारका सचिव लगायतको उपस्थिति रहेको थियो ।

अधिकृत स्तरका तीन वटा र सहायकस्तरको एक समूह गरी एकै पटक चार समूहमा सञ्चालित सेवाकालीन तालिमबाट जम्मा ११६ जना



दिक्षीत भएका थिए । जसमध्ये ७६ जना पुरुष र १० जना महिला गरी जम्मा ८६ जना अधिकृत र २१ जना पुरुष र ९ जना महिला गरी ३० जना सहायकस्तरका कर्मचारी थिए । अधिकृतहरूका लागि विभिन्न ७ वटा विषयगत मोड्युल र सहायकस्तरका लागि १० वटा विषयगत मोड्युलहरूमा आधारित १२० सत्र (८८ वटा सैद्धान्तिक र ३२ वटा प्रयोगात्मक सत्र) तथा १८० घण्टाको तालिम पाठ्यक्रममा आधारित रहेर सञ्चालन गरिएको थियो भने आन्तरिक मूल्याङ्कन एवम् सिकाइ (लिखित) परीक्षाका साथै संस्थागत विकास कार्ययोजना तयारी र कार्यमूलक अनुसन्धान कार्य समेत गराई सहभागीहरूको मूल्याङ्कन गरिएको थियो ।






तालिममा प्रशासन, लेखा, स्वास्थ्य, कृषि, भेटेनरी, वन, इन्जिनियरिङ लगायतका सेवा समूह अन्तर्गतका कर्मचारीहरूको सहभागिता रहेको थियो । विभिन्न विषयगत क्षेत्रका जम्मा ७१ जना स्रोतव्यक्तिहरूबाट यस तालिमका सत्र सहजीकरण भएको थियो । तालिमको समापन तथा दीक्षान्त मिति २०८० असोज २४ गते माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यता एवम् प्रदेश सचिवको विशेष आतिथ्यतामा सहभागी कर्मचारीहरूलाई प्रमाणपत्र वितरण गरेर सम्पन्न भएको थियो । प्रतिष्ठानबाट सेवाकालीन तालिम सञ्चालन हुन थालेको यो चौथो वर्ष हो । हालसम्म प्रतिष्ठानबाट १६ वटा (अधिकृतस्तरको ५ र सहायकस्तरको ११) तालिम सम्पन्न भई ४६० जना कर्मचारीहरू लाभान्वित भइसकेका छन् ।

## गुण व्यवस्थापन प्रणाली सम्बन्धी अन्तरक्रिया


गण्डकी प्रदेशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने क्षेत्रमा क्रियाशील शैक्षिक संस्था, सरकारी, गैरसरकारी तथा निजी तालिम प्रदायक संस्थाहरूको सेवाप्रवाह विशेषगरी शिक्षण तथा प्रशिक्षणको गुणस्तर उकास्नु आवश्यक छ भन्ने कुरा मनन् गरी यस प्रतिष्ठानले यस क्षेत्रका सम्बन्धित निकायहरूबीच सिकाइ आदान-प्रदान, गुणस्तर सुधारका लागि अन्तरक्रिया र आपसी समन्वय एवम् सहकार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले गुण व्यवस्थापन प्रणाली (Quality Management System -QMS) सम्बन्धी गत कार्तिक २० गते एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । काठमाडौंस्थित National Certification & Management Nepal (NATCM) सँगको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा गण्डकी विश्वविद्यालय, ला-ग्राण्डी इन्टरनेशनल कलेज, जनप्रिय क्याम्पस लगायतका शैक्षिक संस्था तथा स्वास्थ्य तालिम केन्द्र, पशु स्वास्थ्य तालिम केन्द्र, जनपद तथा सशस्त्र प्रहरी तालिम केन्द्र जस्ता सरकारी तालिम केन्द्रहरूको सहभागिता रहेको थियो । गुण व्यवस्थापन प्रणालीको आवश्कता, औचित्य र यस किसिमको प्रणाली अवलम्बन गरिरहेका संस्थाहरूको सिकाइ, अभ्यास र चुनौतिका बारेमा प्रस्तुतीकरण तथा अन्तरक्रिया भएको थियो भने गुण व्यवस्थापन प्रणाली सबै तालिम प्रदायक तथा शिक्षण संस्थाले आत्मसाथ गरेर जानुपर्ने निष्कर्षका साथ कार्यक्रम समापन भएको थियो । कार्यक्रममा विभिन्न १६ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




## अध्ययन प्रतिवेदन र SOP प्रकाशित


गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले गत आर्थिक वर्षमा सम्पन्न गरेको "सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास : गण्डकी प्रदेशका स्थानीय तहमा यसको अभ्यास र सम्भावना सम्बन्धी अध्ययन" को प्रतिवेदन गत कार्तिकमा प्रकाशन गरेको छ । नेपालमा संङ्घीयता आइसकेपछि स्थानीय तहहरू वित्तीय हिसाबले आफै आत्मनिर्भर हुँदै स्थानीय स्तरमा दीगो विकास र आर्थिक सम्मृद्धि ल्याउन पहल गर्नुपर्ने सवाल उठ्दै गइरहेको सन्दर्भमा प्रतिष्ठानले विज्ञहरूको टोलीबाट यो अध्ययन गराएको थियो । गण्डकी प्रदेशका विभिन्न ११ वटा स्थानीय तहको स्थलगत सर्भेक्षणमा आधारित उक्त अध्ययनको नतिजालाई सम्बन्धित सरोकारवालाहरूमाफ पुऱ्याउने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको हो । गत कार्तिक २२ गते सम्पन्न प्रतिष्ठानको प्रशिक्षण परिषद्को छैटौं बैठकमा परिषद्का अध्यक्ष तथा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीबाट उक्त प्रतिवेदनको लोकार्पण भएको थियो । प्रतिष्ठानले विगत वर्षहरूमा पनि यस्ता किसिमका समसामयिक बिषयमा अध्ययन-अनुसन्धानहरू गरी सोको प्रतिवेदनहरू प्रकाशन गर्दै आइरहेको छ ।



त्यसैगरी, प्रतिष्ठानले सार्वजनिक निकायको आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि सम्बन्धित जिम्मेवारीमा रहेका कर्मचारीहरूको सहजताका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) पनि गत कार्तिकमा प्रकाशन गरेको छ । विभिन्न ६ वटा खण्डमा विभाजित उक्त कार्यविधिमा यसको प्रयोग, कार्यालयको बार्षिक बजेट व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरणका उपाय, आर्थिक प्रशासनका विभिन्न तह/पदका कर्मचारीहरूको कार्यविवरण, कार्यसम्पादन कार्यविधि र सोको स्वःमूल्याङ्कन सम्बन्धी औजार जस्ता विषयवस्तुहरू सरल एवम् व्यवहारिक ढङ्गले बुझ्न र प्रयोग गर्न सकिने गरी समावेश गरिएको छ । यस कार्यविधिले आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरूको दैनिक काममा सहजता हुनका साथै उनीहरूको कार्यसम्पादनमा सुधार भई समग्रमा कार्यालयको आर्थिक गतिविधिहरू थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने अपेक्षा गरिएको छ ।




यस कार्यविधिको लोकार्पण पनि प्रतिष्ठानको परिषद् बैठकमा नै गरिएको थियो । गत वर्षमा पनि प्रतिष्ठानले कार्यालय सहयोगी, सुरक्षा गार्ड र सवारी चालकका लागि कार्यविधि प्रकाशन गरी सार्वजनिक निकायहरूलाई उपलब्ध गराएको थियो । तालिमको विकल्पको रूपमा कार्यस्थलमा नै आफैं सिक्ने र दैनिक कार्यसम्पादनमा आइपर्ने समस्यालाई समाधान गरी सहज ढङ्गले काम गर्न कर्मचारीलाई सक्षम बनाउने Beyond Training को सिद्धान्तमा आधारित भएर प्रतिष्ठानले यस किसिमका कार्यविधिहरू तयार गरी प्रकाशन गर्ने गरेको हो ।

## प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तयार

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले आफ्नो "आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि, २०८०" को मस्यौदा निर्माण गरेको छ । प्रतिष्ठानले प्रचलित नीतिनियमहरूको प्रभावकारी कार्यान्वयन गर्दै आफ्नो संस्थागत लक्ष्य तथा उद्देश्य हासिल गर्न निर्धारित विषयगत कार्यक्रमहरू व्यवस्थित, प्रभावकारी, मितव्ययी एवम् पारदर्शी ढङ्गले सञ्चालन गर्दै प्रदेशको उत्कृष्ट संस्था (Center of Excellence) बनाउन आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने र त्यसलाई व्यवस्थित रूपमा मार्गनिर्देश गर्न आवश्यक महसुस गरी यो कार्यविधि तयार गरिएको हो । यस कार्यविधिमा प्रतिष्ठानका कार्यक्रमहरू, त्यसको सञ्चालन तथा व्यवस्थापन, गुण व्यवस्थापनदेखि संस्थाको समग्र प्रशासन, मानव संसाधन, आर्थिक, जिन्सी, अभिलेख तथा ज्ञान व्यवस्थापन लगायतका पक्षहरूलाई समावेश गरी त्यसको संभावित जोखिम र जोखिम न्यूनीकरणका उपायहरू समेत समावेश गरिएको छ। यस कार्यविधिको कार्यान्वयनबाट प्रतिष्ठानको गुण व्यवस्थापन प्रणालीका साथै समग्र संस्थागत कार्यसम्पादन एवम् सुशासन प्रणाली थप सबल हुने अपेक्षा राखिएको छ ।




## कर्णाली प्रदेशका स्थानीय तहका लागि अभिमुखीकरण

UNDP द्वारा कर्णाली प्रदेशमा सञ्चालन भइरहेको "समावेशी संघीयताका लागि युरोपियन युनियन सहयोग (European Union Support to Inclusive Federalism-EUSIF) कार्यक्रम" को सहयोगमा कर्णाली प्रदेशका ५ वटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको संयुक्त अध्ययन भ्रमण टोलीसँग सिकाइ आदान-प्रदानका साथै संस्थागत विकास एवम् क्षमता विकासको सम्बन्धमा अभिमुखीकरण गरिएको थियो । गत असोज १२ गते भएको उक्त कार्यक्रममा EUSIF कार्यक्रमको सहयोगमा नमूना स्थानीय तहको रुपमा विकास गर्ने लक्ष्य राखिएका कर्णाली प्रदेशका २३ वटा स्थानीय तहहरू मध्ये ५ वटा स्थानीय तहहरू (सुर्खेतको पञ्चपुरी नगरपालिका, रुकुम पश्चिमको चौरजहारी नगरपालिका, दैलेखको दुल्लु नगरपालिका, जुम्लाको तिला गाउँपालिका र मुगुको सोरु गाउँपालिका) का प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बन्धित स्थानीय तहका अन्य जनप्रतिनिधि तथा कर्मचारी, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र EUSIF कार्यक्रमका कर्मचारीहरूको सहभागिता रहेको थियो । भ्रमण टोलीसँग प्रतिष्ठानको संस्थागत विकास एवम् क्षमता विकास लगायतका सन्दर्भमा सिकाइ, असल अभ्यास, समन्वय एवम् सहकार्यको संभावना लगायतका विषयमा अनुभव आदान-प्रदान र अन्तरक्रिया भएको थियो ।



भ्रमण टोलीलाई सहजीकरण गर्दै प्रतिष्ठानका कार्यकारी निर्देशक (बीचमा)